

## परियोजनाका मुख्य उपलब्धि तथा परिणाम

- स्थानीय संरचनाको रूपमा सामुदायिक समूहहरू तथा सहकारीहरू निर्माण भएका हुनेछन् । जसले गर्दा उनीहरू सक्रिय तवरले स्थानीय स्रोत साधनको उचित प्रयोग गर्नेछन् साथै, आफ्ना समस्या समुदाय स्तरमा नै समाधान गर्न सफल भएका छन् ।
- समुदायका मानिस आफ्ना समस्या आफैं समूहमा छलफल गरी सामाधान गर्न सक्ने भएका छन् ।
- सहकारी, संकलन केन्द्रहरूको संस्थागत विकास तथा क्षमता वृद्धि भएको छ ।
- समुदायका सदस्यहरूले आफैंले विपत् जोखिम न्यूनीकरण योजना बनाएका छन् ।
- सामुदायिक समूह सञ्जाल तथा सहकारीको निर्माण तथा परिचालनबाट समूहका सदस्यहरू आफैं छलफल चलाउन सक्ने भएका छन् ।
- स्थानीय समूहका सदस्यहरू परम्परागत निर्वाहमुखी कृषि प्रणालीबाट आधुनिक खेतीतर्फ उन्मुख भई व्यावसायिक खेती गरेका छन् ।

## अभिमुखिकरण तथा पैरवी

- स्थानीय स्तरमा छलफल तथा भ्रमण एवं अन्तर्क्रिया कार्यक्रम ।
- समुदाय, समुदायका प्रतिनिधि तथा सहकारीका सदस्यहरूको सरोकारवाला संघ/संस्थासँग अन्तर्क्रिया गराई तिनीहरूबीच सम्बन्ध स्थापना ।
- जीविकोपार्जनमा सुधार गर्ने तथा खाद्य सुरक्षाको स्थिति मजबुत गराउने ।

- यहाँका समुदायहरू वातावरण विनासप्रति सचेत हुनेछन् र त्यसबाट पर्ने जोखिमहरू थाहा पाई बच्ने विभिन्न उपायहरू अवलम्बन गरेका हुनेछन् ।
- विपत जोखिम पहिचान र त्यसप्रति सचेत रहन स्थानीय समुदाय तथा नेताहरूलाई सचेत बनाउने, पूर्वसूचना दिने व्यवस्था तथा पूर्वजोखिम पहिचान गरेका हुनेछन् ।

## जोखिम न्यूनिकरणका उपायहरू

- विपत जोखिम प्रकोप न्यूनीकरण गर्न बाढीपहिरोले क्षति पुऱ्याएको ठाउँमा विभिन्न प्रकारका फलफूल तथा रूखहरू रोप्ने ।
- साना तथा थोरै लगानीमा प्रकोप नियन्त्रणका विविध उपायहरू अपनाउने जस्तैः बोरा भर्ने, जैविक तथा तारका जाली भर्ने ।
- समुदायका प्रायःजसो घरमा विपत् जोखिम योजना निर्माण गर्ने ।

## परियोजनाको दिगोपना

यस परियोजनाले आफ्नो अवधिभर यस परियोजना अन्तर्गत पर्ने सम्पूर्ण सदस्यहरूलाई सहभागीमूलक तरिकाबाट सक्रिय बनाउने छ नकि निश्क्रिय भई सेवाप्रप्त गरिरहने भूमिकाबाट टाढा बनाउने छ । भूकम्प असुरक्षाको जोखिमबाट छुटाउन विभिन्न तालिम तथा क्षमता अभिवृद्धि गरिने छ । तसर्थ, स्थानीय समुदायका व्यक्तिको अग्रसरमा आर्थिक तथा सामाजिक अवस्थामा परिवर्तन गराएमा मात्र आर्थिक रूपमा सफलता प्राप्त गर्नेछन् । यस परियोजनाको एक महत्त्वपूर्ण रणनीति भनेको स्थानीय स्तरमा सामुदायिक संस्था र त्यसलाई विस्तार गरी सहकारीको रूपमा अगाडि बढाउने लक्ष्य राखेको हुनाले यसले हाम्रो परियोजनालाई दिगो रूपमा अगाडि बढाउन मद्दत पुग्ने छ ।


**साझेदारी सहयोग केन्द्र, नेपाल**
विजयनगर, जुम्ला
फोनः ९७७-८७-५२०२४१
फ्याक्सः ९७७-८७-५२०२४१,
इमेलः info@pacenepal.org,
वेवसाइटः www.pacenepal.org


**Disaster Risk Reduction Initiatives in Jumla and Mugu Districts**



# विपत् जोखिम न्यूनीकरण पहलकदमी परियोजना

| | |
|---|---|
| Our Environment | हाम्रो वातावरण |
| Our Life | हाम्रो जीवन |
| Our Responsibility | हाम्रो जिम्मेवारी |

जुन २०१६ देखि डिसेम्वर २०१९ सम्म संचालन गरिने कार्यक्रम

## सहयोग गर्ने निकायहरू सहजीकरण

caritas Germany

कारितास नेपाल CARITAS NEPAL

PACE-NEPAL ...Together For Social Change



## पृष्ठभूमि

परियोजनाले ओगट्ने दुई जिल्ला जुम्ला र मुगु नेपालकै दुर्गम कर्णाली अञ्चलमा पर्दछन् । कर्णाली अञ्चल नेपालको सबैभन्दा ठूलो अञ्चल, जसले २१,३५१ वर्ग कि.मी. (करिब नेपालको कुल भू-भागको १५ प्रतिशत) ठाउँ ओगट्छ। यो क्षेत्र आर्थिक हिसाबले गरिबका साथै पिछडिएको क्षेत्र हो। जहाँ मोटर बाटोको पहुचँ अझै पनि टाढा छ। कर्णाली अञ्चलको ४५ प्रतिशत भू-भाग ४५ सय मीटर भन्दा बढी उचाईमा अवस्थित छ भने ४७ प्रतिशत भू-भाग २५ सय मीटर भन्दा माथि छ। यस दुर्गम तथा कम विकसित हिमाली क्षेत्र नेपालकै मानवविकास सूचांकमा पुछारमा परेको छ। साथ-साथै राज्यले यो क्षेत्रलाई विकासको मूलप्रवाहमा समाहित गर्न चासो समेत देखाएको छैन। मानवविकास सूचांकलाई आधार मानी हेर्दा कर्णाली अञ्चल नेपालको १४ अञ्चलमध्ये पुछारमा अवस्थित छ। कर्णाली क्षेत्रमा भूकम्प संकटको भयावह अवस्था छ। यस क्षेत्रका स्थानीय बासिन्दा तथा स्थानीय निकायहरूले यहाँ उत्पन्न समस्या समाधान गर्न अझै पनि सकिरहेका छैनन् । यहाँका प्रायःजसो घरहरू परम्परागत प्रविधिबाट बनेका छन् । भूकम्प सुरक्षाको दृष्टीकोणले प्रायःजसो घरहरू जेखिममा छन्। यहाँको न्यून उत्पादन तथा उत्पादकत्व, भौतिक पूर्वाधारहरूको अभाव तथा आन्तरिक विस्थापितहरूको गाउँ फर्क अभियानले गर्दा यहाँ अझै आर्थिक एवं सामाजिक समस्याहरू विद्यमान छन् । साथै, यहाँका मानिसहरू भोकमरिको चपेटामा रुमल्लिरहेका छन् । देशमा चलेको आन्तरिक द्वन्द्वका क्रममा यो क्षेत्रमा परम्परागत खेती प्रणालीमा प्रत्यक्ष असर परेको देखिन्छ। मानिसमा खेती गर्नुपर्छ भन्ने भावना नै हराउँदै गएको छ भने मानिसको खानपिनमा समेत परिवर्तन आएको छ। खाद्य संकट टार्न उद्देश्यले विभिन्न संघ/संस्था र सरकारी निकाय मार्फत चामल जस्ता खाद्यान्न सहयोग वितरण गर्ने बानी परेकाले र वर्तमान अवस्थामा यहाँको भू-बनौट सुहाउँदो परम्परागत बालीहरू जस्तैः कोदो, चिनो, कागुनो, फापर, गहुँ र आलु आदि जस्ताको उत्पादन घट्दै गएको छ। जसले गर्दा यी क्षेत्रहरूमा स्थायी तवरले नै खाद्य संकट रहने र परम्परागत खेती नै लोप हुने अवस्था सिर्जना भएको छ।

साझेदारी सहयोग केन्द्र (पेस-नेपाल) सामाजिक रूपान्तरणका निमित्त कार्य गर्ने एक गैरसरकारी संस्था हो । जसको स्थापना सन् २००६ मा मानिस कर्तव्यका साथसाथै हक अधिकारलाई सुनिश्चित गराई शान्ति स्थापनामा सहयोग गर्ने, दश वर्षे युद्धका विस्थापित, एकल महिला, टुहुरा बच्चा लगायत बाल क्लब, दिगो सहकारी, खाद्यसुरक्षा र प्रकोपको क्षेत्रमा काम गर्दै आइरहेको कर्णालीको स्थानीय संस्था हो। पेस नेपालले सन् २०१२ देखि सन् २०१६ सम्म खाद्यसुरक्षा, प्रकोप न्यूनीकरण र शान्तिका लागि एकीकृत विकास परियोजना संचालन गराउनका निमित्त जर्मन सरकार, कारितास जर्मन र कारितास नेपालले सहयोगमा मुगु जिल्लामा संचालन गरेको थियो भने कारितास नेपालकै सहयोगमा सन् २०१६ जुनदेखि २०१९ अप्रिलसम्म "**प्रकोप जोखिम न्यूनीकरण पहलकदमी परियोजना**" जुम्ला र मुगु जिल्लाका १२ वटा गाविस, ४८ वटा समूह र सहकारी मार्फत कार्य गर्दैछ।

**लक्षित समुदायः** यस परियोजनाबाट कर्णाली क्षेत्रका जुम्ला र मुगु जिल्लाका १२ गाविसबाट करिब १२ सय घरधुरीहरू जसमा करिब ६ हजार जनसंख्याले प्रत्यक्ष फाइदा प्राप्त गर्ने छन् । ती घरधुरीहरूमा द्वन्द्व प्रभावित, आन्तरिक विस्थापित, पछाडी पारिएका समुदायहरू, सीमान्तकृत, विभिन्न प्रकोपबाट पीडित तथा आर्थिक हिसाबले विपन्न परिवारहरू पर्दछन्।

## परियोजनाले ओगटेको क्षेत्र (गाविसहरू)

**जुम्ला जिल्लाः** घोडेमहादेव, ताम्ती, रारालिही, महावैपाथर खोला, कालिकाखेतु, तातोपानी, बुम्रमाडिचौर र मालिकावोता गाविसहरू।

**मुगु जिल्लाः** रोवा, रुगा, सेरी र खमाले गाविसहरू।

**परियोजनाको प्रकृतिः** यस परियोजनाले भूकम्प प्रभावित समुदायका घरपरिवारलाई भूकम्प सुरक्षाको प्रत्याभूति तथा न्यूनीकरण गराउनु हो।

**परियोजनाकोप्रभावतथाअसरः** यसपरियोजनालेभूकम्पको असुरक्षामा रहेका परिवारहरूलाई भूकम्प सुरक्षाको प्रत्याभूति गराउने छ। साथै, प्रकोपको जोखिमबाट समेत सचेत गराउने छ।

**परियोजनको लक्ष्यः** मुगु र जुम्ला जिल्लामा रहेका गरिब तथा सीमान्तकृत परिवारहरूको भूकम्प सुरक्षाको सुनिश्चित गर्नु हो।

**मुख्य उद्देश्यः** जुम्ला र मुगु जिल्लाको १२ गाविसका लक्षित समूहको सामाजिक, आर्थिक अवस्थामा सुधार ल्याउनु हो।

**लक्षित उद्देश्यहरूः** विभिन्न दिगो जीविकोपार्जनका अवसरहरू सिर्जना गरी गरिबको आर्थिक स्तर उकास्ने एवं भूकम्प सुरक्षा प्रत्याभूति गर्ने।

- कृषि, पशुपालन, फलफूल तथा जडिबुटी उत्पादन सम्बन्धी सीप र क्षमता अभिवृद्धि गर्ने।
- स्थानीय स्तरमा विभिन्न व्यवसायहरू संचालन गर्न र गराउन प्रोत्साहन गर्ने।
- समुदाय स्तरमा सामुदायिक संरचना निर्माण गर्ने र तिनीहरूलाई मजबुत बनाउँदै विभिन्न सरोकारवाला संघ/संस्थासँग सम्बन्ध स्थापना गराउने।
- १२ वटै गाविसका मानिसहरूलाई प्रकृतिको विनासका बारेमा तथा यसबाट पर्ने असरका बारेमा जनचेतना जगाई वातावरणमैत्री व्यवहार विकास गर्ने।
- समुदाय स्तरमा भूकम्प, भू-क्षय तथा बाढीपहिरोबाट बच्न वृक्षारोपण सम्बन्धी जनचेतना जगाई प्रकोपको पूर्वतयारीमा सुधार ल्याउने।

**परियोजना अवधिः** (१ जुलाई, २०१६ देखि ३१ डिसेम्बर, २०१९ सम्म)।

